# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# तेस्रो विशेष साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूटस्)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको तेस्रो विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रदीपजङ्ग पाण्डेज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति :- २०७१ साल फाल्गुण १ गते (फेब्रुअरी १३, २०१५), शुक्रबार
स्थान :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं
समय :- दिउँसो १.०० बजे

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको तेस्रो विशेष साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै २०७१/१०/१५ गते नागरिक राष्ट्रिय दैनिक र २०७१/१०/१८ नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । सभा सम्वन्धी सम्पूर्ण विवरण बैंकको web site www.ctznbank.com मा मिति २०७१/१०/१४ मा प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

**क. विशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न क्रमश : मिति २०७१।२।५ र २०७१।७।२८ मा दुबैपक्ष बीच गरिएका अलग अलग सहमतीहरुलाई नेपाल राष्ट्र बैकबाट क्रमश : मिति २०७१।४।२१ र २०७१।१०।८ मा सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थाहरुलाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको सहमतिलाई अनुमोदन गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ४ कित्ता शेयर दिने गरी शेयर

मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त पिपल्स फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतको आधारमा पिपल्स फाइनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ३ कित्ता शेयर दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गर्ने।

४. नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्राप्ति (एक्विजिसन) पश्चात बैंकको जारी तथा चुक्ता पुंजी साबिकको रु. २,३७,९५,३९,८००।- बाट वृद्धि भई रु.२,५५,४३,६१,५१४।- हुने र विद्यमान ५१:४९ पूँजी संरचना समेत परिवर्तन भई ५१.२८ : ४८.७२ हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न, बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न सक्ने गरि संचालक समितिलाई पूर्ण अख्तियार प्रदान गर्ने ।

**ख. संचालकहरुको सेवा सुविधा वृद्धि गर्ने सम्वन्धी ।**

**ग. विविध**

५. उपस्थिति

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री बालकृष्ण प्रसाई | व्यवसायिक सञ्चालक |
| ३. | श्री मनोहर दास मूल | सञ्चालक |
| ४. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ५. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |
| ६. | श्री अविनाश पन्त | सञ्चालक |
| ७. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ८. | श्री विजय ध्वज कार्की | सञ्चालक |

**५.२ अन्य पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**५.३ शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ६७४ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : | १०९ |



CITIZENS BANK INTERNATIONAL
Citizens
YOUR PARTNER FOR PROGRESS
Corporate Office

३. जम्मा उपस्थित संख्या : ७८३

६. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५९,९३३ | ७८३ | ५३.७५ प्रतिशत |
| समूह "क" संस्थापक समूह | २३२ | ७४ | ४१.२ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ५९,५१५ | ६५७ | १.०३ प्रतिशत |
| सर्वसाधारण समूह "ख१" समूह | १८६ | ५२ | ११.५२ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कूल कित्ता | २,३७,९५,३९८ | **१,२७,८९,८९४** | १००.०० प्रतिशत |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार विशेष साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको तेस्रो विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६७४ भएको र प्रोक्सी मार्फत १०९ गरि कुल शेयरको ५३.७५ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै मध्यान्ह १:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा बैंकको विशेष साधारण सभा आरम्भ भयो ।

७.३ सभाका अध्यक्षज्यूले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

८. **विशेष साधारण सभाको प्रस्तुती :**

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ प्रस्तुत गरिएको छलफलका बिषयहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्षरुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. व्यास कुमार शर्मा

२. रोज कुमार श्रेष्ठ
३. उद्धव प्रसाद घिमिरे
४. महेन्द्र बहादुर श्रेष्ठ
५. अमीर दास रन्जीत
६. भक्ति प्रसाद उप्रेती
७. कृष्ण कश्यप
८. राम गोपाल मर्हजन
९. उत्तम पाठक
१०. ईश्वर दाश कर्माचार्य

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको छलफलका विषयहरु माथि टिप्पणी गर्दै नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्राप्ति ( एक्विजिसन) पश्चात बैंकको हितका लागि शेयरधनी वक्ताहरुले आ–आफ्ना तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । साथै, प्राप्ति गर्दा बैंकले आफ्नो र आफ्ना शेयरधनीहरुको हितलाई ध्यानमा राख्नु पर्ने कुरा शेयरधनी वक्ताहरुले बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीवक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

**व्यास कुमार शर्मा**
संस्थाको पुँजी बढाउनमा हकप्रद शेयर तथा बोनश शेयर जारी गर्नुका अलाबा मर्जर तथा प्राप्ति मध्ये जुन उपयुक्त हुन्छ त्यही गर्नु पर्छ । प्राप्तीले धेरै सुबिधा दिएको कारण बैंकले संस्था प्राप्ति गर्ने नीति अवलम्बन गरेको हो । यसै सिलसिलामा बैंकको विशेष साधारण सभामा पेश गरिएको प्राप्ति सम्बन्धी विशेष प्रस्ताव, प्राप्ती लगभग टुङ्गो लागी सकेको अवस्थामा ल्याइएको छ । यस प्राप्ति सम्बन्धी प्रस्तावको निर्णयले यस बैंकको हित मध्यनजर गर्दै अघि सारिएको कुरामा विश्वस्त छु । यस प्राप्तिको प्रस्तावको निर्णयले बैंकलाई कुनै पनि हानी नोक्सानी नहुने र प्राप्ति पश्चात् बैंकले पहिलेको जसरी नै लाभांश तथा प्रतिफल दिने प्रतिवद्धता अध्यक्षज्यू मार्फत आओस् भन्ने इच्छा जाहेर गर्नुभयो ।

सञ्चालकको भत्ता तथा सुविधाका विषयमा उहाँले मिहिनेत अनुसार सुविधा लिनु र त्यसै अनुसार राम्रो प्रतिफल शेयरधनीहरुलाई दिईयोस भन्ने कुरा जाहेर गर्दै आगामी दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड सबल, सक्षम बैंक होस् भन्ने कामना गर्नुभयो ।

**रोज कुमार श्रेष्ठ**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले समयानुकुल प्राप्ति गर्ने नीति अनुरुप २ वटा ग वर्गका संस्था लाई प्र्प्ति गर्ने प्रस्ताव रहर लाग्दो देखिन्छ । दुवै संस्था ठिक शेयर मूल्य अनुपातमा प्राप्ति गर्न लागिएको कुरामा विश्वस्तता जाहेर गर्नुभयो । प्राप्तिको कुरामा कर्मचारी व्यबस्थापन नीतिको प्रसंशा गर्नुभयो । नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको डिल्लीवजार स्थित स्वामित्व रहेको घर र पिपल्स फाइनान्स लिमिटेडको महावौद्धको घरले पनि यस प्राप्ति गर्न लागिएको संस्थाको मूल्याङ्कन ठीक भएको जनाउँछ ।



CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
YOUR PARTNER FOR PROGRESS

संचालकको भत्ता तथा सुबिधा आगामी वार्षिक साधारण सभामार्फत प्रस्ताव ल्याउन अनुरोध गर्नुभयो।

**उद्धव प्रसाद घिमिरे**

मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप ग वर्गका २ वटा संस्थालाई प्राप्ति गर्न लागेकोमा स्वागत योग्य छ । प्राप्ति गर्ने उद्देश्ले तय गरिएको शेयर मूल्य अनुपात नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको ५ कित्ता शेयर बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका २ कित्ता शेयर र पिपल्स फाइनान्स लिमिटेडको १० कित्ता शेयर वराबर सिटिजन्स बैंक इन्टरनेसन लिमिटेडको ३ कित्ता शेयर उपयुक्त देखियो । आज ग वर्गको संस्था प्राप्ति गर्दैछ तर भोलिको दिनमा सिटिजन्स बैंकले क वर्गको संस्था प्राप्ति वा मर्जरमा ल्याउन सके उत्तम हुने छ ।

संचालकको भत्ता तथा सुविधाका बारेमा आगामी वार्षिक साधारण सभामा प्रस्ताव ल्याईयोस् र भत्ता तथा सुविधामा करको विषयमा पनि खुलाउनुहुन अनुरोध गर्नुभयो ।

**महेन्द्र बहादुर श्रेष्ठ**

प्राप्ति सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकबाट जारी हुने बित्तिकै सर्वप्रथम अगाडि आउनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले प्राप्ति गर्न लागिएको संस्थाका भित्री खराबीहरुको अध्ययन राम्रोसँग भएको नभएको खुलाउन अध्यक्षज्यूलाई आग्रह गर्नुभयो । कर्जा दिंदा दुरुपयोग भएको वा कमजोर धितो राखि कर्जा दिइएको तथा संस्थागत शुसासनको अभावले गर्दा संस्था समस्यामा आएको कुराको बृहत् अध्ययन हुनुपर्‍यो ।

यस विशेष साधारण सभाको उद्देश्य प्राप्ति सम्बन्धी भएको कारण सञ्चालकको भत्ता तथा सुबिधाको प्रस्ताव आगामी वार्षिक साधारण सभामा ल्याउन अनुरोध गर्नुभयो ।

**अमिर दास रन्जीत**

प्राप्ति गर्ने कुरालाई उहाँले पूँजी बढाउने धेरै राम्रो उपाय हो भन्नुभयो । यस प्राप्ति गर्ने कामलाई सर्वप्रथम सुरुवात गरेकोमा शेयरधनीहरुको सर्मथन रहेको जनाउनुभयो । प्राप्ति गर्दा सहि मूल्याङ्कन गरी प्राप्ति गर्ने संस्थालाई उचित दाम दिनुपर्ने कुरालाई जोड दिनुभयो ।

संचालक समितिले पनि बैठकको सम्पत्ति तथा जोखिम बृद्धि भए अनुसार भत्ता तथा सुविधा पाउने आशा राख्नु ठिकै हो तापनि यस प्रस्ताव वार्षिक साधारण सभामा नै ल्याइयोस् भन्ने इच्छा जाहेर गर्नुभयो ।

**भक्ति प्रसाद उप्रेती**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले अहिलेसम्म राम्रो प्रतिफल दिन सक्षम भएको कुराको प्रशंसा गर्दै अब प्राप्ति पश्चात् यसको प्रतिफलमा कस्तो प्रभाव आउने हो भन्ने कुरामा प्रश्न गर्नुभयो । उहाँले प्राप्ति गर्दा दुवै संस्था (प्राप्ति गर्ने र गाभिने संस्था) win-win situation मा हुनुपर्ने भन्ने कुरा भएतापनि हालको प्रस्ताव त्यति उपयुक्त नदेखिएको कुरा व्यक्त गर्नुभयो ।

सञ्चालकको भत्ता तथा सुविधा नवौं साधारण सभामा ल्याइयोस् र उक्त प्रस्ताव प्राप्ति पश्चात् सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले कुनै नोक्सानी नबेहोरी प्रतिफल दिन सक्षम भएमा पारित हुने जानकारी गराउनु भयो ।

**कृष्ण कश्यप**

प्राप्ति पश्चात सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रतिफल अब शुन्य हुने हो की भन्ने शंका जाहेर गर्नुभयो । प्राप्तिको लागी शेयर मुल्य अनुपात प्रस्तावमा ल्याइएको मुल्याङ्कनको आधार खुलाउनु हुन अनुरोध गर्नुभयो ।

संचालकको भत्ता र सुविधा सम्बन्धमा आगामी वार्षिक साधारण सभामा प्रतिफल बढेको अनुपातमा बढाउने तर पत्र-पत्रिकाको खर्च सम्बन्धी सुविधा बृद्धिगर्ने कुरामा सहमति जनाउनुभयो।



CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office

**राम गोपाल मर्हजन**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आठौं साधारण सभामा ५.९७% नगद र १३% बोनस शेयर दिएको संचालक समितिलाई धन्यवाद ज्ञापन गर्नुभयो । पिपल्स फाइनान्स लिमिटेडलाई शिघ्र सुधारात्मक कारवाही गरेपनि यसको मूख्य कार्यालय बाहेक एउटा मात्रै शाखा रहेकोले यस संस्थालाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तुरुन्तै व्यवस्थापन गर्न सकिने कुरालाई जोड दिनुभयो । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड जस्तो राम्रो संस्थाले प्राप्ति गरेपछि दुवै संस्था राम्रो भएर जान्छन् भन्ने कुरामा विश्वसता जाहेर गर्नुभयो । प्राप्ति को काम छिटो भन्दा छिटो सकाउन तथा प्रतिफल पनि बढी भन्दा बढी पाइयोस् भन्ने इच्छा जाहेर गर्नुभयो ।

उहाँले संचालकको भत्ता तथा सुविधाको बृद्धि गर्ने प्रस्तावमा सहमति जनाउनुभयो ।

**उत्तम पाठक**
दोस्रो त्रैमासको अपरिष्कृत वित्तीय विवरणमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सबै वित्तीय परिसूचकहरुले राम्रो संकेत गरेको कुरा खुलाउनु भयो । तर उहाँले एउटा कुहिएको आलुले सम्पूर्ण बोराका आलु बिगार्नें हुदाँ प्राप्ति गर्न लागिएका समस्याग्रस्त संस्थाहरुले पनि सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई नकारात्मक असर पार्न सक्ने कुरामा सचेत गराउनु भयो । उहाँले दुई संस्थालाई प्राप्ति गरेपछि सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड लाई के के फाइदा पुग्छ खुलाउन हुन अनुरोध गर्नुभयो ।

सञ्चालक समितिको भत्ता तथा सुविधा बृद्दीगर्ने प्रस्ताव आउने वार्षिक साधारण सभामा ल्याउन अनुरोध गर्नुभयो ।

**ईश्वर दाश कर्माचार्य**
उहाँले सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (DDA Report) ले पनि स्वीकृत गरिसकेको हुनाले प्राप्ति गर्ने शेयर मूल्य अनुपात ठिक रहेको जनाउनुभयो । DDA report ले गाभिने संस्थाको राम्रो पक्ष तथा नराम्रो पक्ष सबैको बिस्तृत अध्ययन गरी प्रतिवेदनमा पेश गरिने कुराको जानकारी गराउँदै प्राप्तिको प्रस्तावमा पूर्ण सर्मथन जनाउनुभयो । प्राप्ति पश्चात दुवै संस्थाका भिन्न संस्थागत संस्कृति शुसाशन, तरलता तथा खराब कर्जा व्यवस्थापनको गहन जिम्मेवारी संचालक समिति तथा कार्यकारी पदाधिकारीहरुलाई आइपर्ने हुनाले सो जिम्मेवारी सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका पदाधिकारीहरुले राम्रोसँग व्यवस्थापन गर्दै प्रतिफललाई प्रतिकुल असर नपर्ने कुरा विश्वास जनाउनु भयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :**

बैंकको अध्यक्षज्यूले प्रस्तुत विषयहरु उपर शेयरधनी महानुभावहरुले दिनु भएको सुझावहरु सराहनीय भएको र उक्त सुझावहरुलाई मध्यनजर गर्दै प्राप्ति (एक्विजिसन) सम्बन्धी निर्णयहरु लिइने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै, दुवै पक्षहरुको स्पष्ट धारणाले राजीखुसी प्राप्ति गरिएको जानकारी सभा समक्ष गराउनु भयो । साथै, अध्यक्षज्यूले संचालक समितिको भत्ता तथा सुविधा बृद्धि गर्ने प्रस्ताव आदरणीय विशिष्ट शेयरधनी महानुभावहरुबाट प्राप्त सुझाब अनुरुप नवौं वार्षिक साधारण सभामा नै प्रस्ताव गरिने जानकारी गराउनु भयो ।

**१३. सभाको निर्णय**

छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

क. **विशेष प्रस्तावहरु**

१. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न क्रमश : मिति २०७१।२।५ र २०७१।७।२८ मा दुबैपक्ष बिच गरिएका अलग अलग सहमतीहरुलाई नेपाल राष्ट्र बैकबाट क्रमश : मिति २०७१।४।२१ र २०७१।१०।८ मा सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तिय संस्थाहरुलाई प्राप्ति (एक्विजिसन) गर्न गरिएको सहमतिलाई अनुमोदन गरियो।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड लाई प्राप्ति ( एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कन कर्ताबाट प्राप्त नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति ( एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ४ कित्ता शेयर दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड लाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गरियो।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनका लागि मूल्याङ्कन कर्ताबाट प्राप्त पिपल्स फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति र दायित्द मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit), प्राप्ति (एक्विजिसन) पश्चातका व्यावसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतको आधारमा पिपल्स फाइनान्स लिमिटेडको १० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ३ कित्ता शेयर दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न स्वीकृति प्रदान गरियो।

४. नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले प्राप्ति (एक्विजिसन) पश्चात बैकको जारी तथा चुक्ता पुँजी साबिकको रु. २,३७,९५,३९,८००।- बाट वृद्धि भई रु.२,५५,४३,६१,५१४।- हुने र विद्यमान ५१:४९ पूँजी संरचना समेत परिवर्तन भई ५१.२८ : ४८.७२ हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गरियो र सो को स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने निर्णय भयो ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल हाउसिङ्ग तथा मर्चेन्ट फाइनान्स लिमिटेड र पिपल्स फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्न, बैंकको प्रवन्ध पत्र तथा नियमावलीमा संलग्न अनुसूची बमोजिम संसोधन गर्न, अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न सक्ने गरि संचालक समितिलाई पूर्ण अख्तियार प्रदान गरियो ।

ख. **संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी ।**

नियमावलीका दफा २९ (ङ)मा भएको व्यवस्था अनुरुप बैंकको संचालक समितिका अध्यक्ष एवं सदस्यहरुलाई हाल दिइदैं आएको सुविधामा वृद्धि गर्ने प्रस्तावलाई नवौं वार्षिक साधारण सभामा पेश गर्ने निर्णय भयो ।



CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office

ग. **विविध**

यस सभाको निर्णय पुस्तिका (Minutes) मा प्रचलित कानून बमोजिम बैंकका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरि अभिलेख गर्ने निर्णय गरियो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै अपरान्ह ०२:३० बजे सभा विसर्जन गर्नुभयो ।

गणेश राज पौखरेल
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens YOUR PARTNER FOR PROGRESS
Corporate Office
सिटिजन्स बैंक इन्टरनेशनल लि.

प्रदीपजङ्ग पाण्डे
अध्यक्ष

## अनुसूची

## प्रबन्ध पत्र को दफा ५ संग सम्वन्धित शंसोधन

### ५.बैकको पूँजीको संरचना :

(क) बैंकको जारी पूँजी रु. रु.२,५५,४३,६१,५१४।- (अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसाठी हजार पाँच सय चौध मात्र) हुनेछ । सो पूँजीलाई रु. १००।- का दरले २,५५,४३,६१५.१४ (दुई करोड पचपन्न लाख त्रिचालीस हजार छ सय पन्ध्र दशमलव चौध थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.२,५५,४३,६१,५१४।- (अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसाठी हजार पाँच सय चौध मात्र) हुनेछ ।

(ख) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु.२,५५,४३,६१,५१४।- (अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसाठी हजार पाँच सय चौध मात्र) हुनेछ ।

(ग) बैंकले जारी पूँजीको ४८.७२ प्रतिशत शेयर र्सवसाधारणका लागी छुट्याएको छ ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह ¨क¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१.२८ प्रतिशत हुनेछ ।

(ङ) सर्वसाधारणमा विक्रि गरिने शेयरका शेयरधनीलाई समूह ¨ख¨ मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४८.७२ प्रतिशत हुनेछ । संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको १७.६७ प्रतिशत शेयरका सर्वसाधारण शेयरधनी लाई उपसमूह ¨ख१¨ मा वर्गिकरण गरिएको छ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई सचांलक समितिको निर्णय बमोजिम बिक्रि वितरण गर्न सकिनेछ ।

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
YOUR PARTNER FOR PROGRESS
Corporate Office
सिटिजन्स बैंक इन्टरनेशनल लि.

## अनुसूची

## नियमावलीको दफा ८संग सम्वन्धित शंसोधन

**८. संचालकको संख्या र कार्यलय :**

(२) यस बैंकमा नौ जनाको संचालक समिति हुनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व हुनेछ :-

२(ग१) संस्थापक शेयरधनीहरुवाट र्सवसाधारण समूहमा परिणत गरिएका १७.६७ प्रतिशत शेयरका र्सवसाधारण शेयरधनी उपसमूह "ख१" वाट निर्वाचित एक जना।